# प्रदीप, देवराज र अनिलको जित

हिमालय टाइम्स
पोखरा, १३ पुस



दोस्रो राष्ट्रिय खुला तथा पोखरा मेयर कप ब्याडमिन्टन प्रतियोगितामा पुरुष सिंगल्सतर्फ एपीएफ क्लबका प्रदीप सोतीले देवीनगर क्लबका सुजलराज श्रेष्ठलाई २१-१४, २१-१० को सोझो सेटमा पराजित गर्नुभएको छ । प्रतियोगिताका छैटौं वरियाताका एपीएफका देवराज रानाले सुनसरीका गणेशबहादुर चम्लागाईंलाई २१-१२ र २१-८ ले पराजित गर्दा पिएसविसीका विशान गुरुङले कास्कीका इशान खड्कालाई २१-१४ र २१-१५ ले पहिलो चरणको खेलमा पाखा लगाउनुभयो ।

पुरुष सिंगल्सतर्फ नै एपीएफका अनिल मल्लले देवीनगरका बविश थापालाई २१-१९, १५-२१ र २१-१२ ले पराजित गर्दा पाँचौं बरियाताका नेपाल पुलिसका सुनिल जोशी वाक आउटका आधारमा विजेता बन्नुभयो । एपीएफकै प्रम्भ सिम्खडाले कास्कीका अविराज शेरचनलाई १९-२१, २१-१२ र २१-१२ को सेटमा पराजित गर्नुभयो ।

देवीनगरका हेमन्त आयरले पिएसविसीका विवेक सुवेदीलाई २१-५ र २१-८ ले, एपीएफकै क्षितिज खनालले त्रिभुवन आर्मी क्लबका पविन लिङथेपलाई २१-८, २१-० ले, कास्कीका विधान अधिकारीले एपीएफका सुजन थापालाई २१-१९ र २१-११ ले, एपीएफका रोशन साउदले पिएसविसीका नितेश गुरुङलाई २१-११ र २१-९ ले, नेपाल पुलिस क्लबका पूर्णबहादुर थापाले महोत्तरीका इशान झालाई २१-१२ र २१-८ ले तथा एपिएफका अरुण अधिकारीले सुनसरीका संगम गिरीलाई २१-१६ र २१-१८ ले पराजित गर्नुभयो ।

ब्याइज यू-१७ तर्फ भएको खेलमा कास्कीका देवेन फगामी, साइमान कार्की, अमृत थापा, र सनिश भण्डारी आ-आफ्नो खेल जित्दै प्रिक्वार्टरमा प्रवेश गर्नुभएको छ । त्यस्तै पिएसविसीका वसन्त पौडेल, कैलालीका आदित्य चौधरी, सुनसरीका संगम गिरी, एपीएफका प्रम्भ सिम्खडा, कञ्चनपुरका उदय चन्द, लाफा समूहका मनोज फौदार, पिएसविसीका सुन्दर विक, कनचनपुरका रेनिश धामी, म्याग्दीका डियन थापा, पिएसविसीका कृष कार्की, कञ्चनपुरका आशिष खत्री, म्याग्दीका दिवश पुन, सुन्सरीका ग्रिनेश घिमिरे र एपीएफका आरुष सिम्खडाले पहिलो चरणको खेल जित्नुभएको छ ।

त्यस्तै यू-१२ ब्याइज सिंगल्सतर्फ नेभोल एकेडेमीका दिनेश थापा, कञ्चनपुरका उदय चन्द, कास्कीका सविनविक्रम पालिखे, चितवनका गाब्रियल लामा, नोबल एकेडेमीकै वाशुदेव जैशीले आ-आफ्नो खेल जितेको कास्की ब्याडमिन्टन संघले जनाएको छ ।

प्रतियोगिता अन्तर्गत कुल १२ वटा विभिन्न इभेन्टमा ४८ क्लब तथा जिल्लाका गरी तीन सयभन्दा बढी महिला-पुरुष खेलाडीहरूको सहभागिता छ । पोखरा महानगरपालिकाको मुख्य प्रायोजनका सुरु भएको उक्त प्रतियोगितालाई नेपाल पर्यटन बोर्ड पोखराले प्रवर्द्धन गरेको छ । प्रतियोगिता १४ गतेसम्म सञ्चालन हुनेछ । विजेतालो ट्रफी, नगद, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् ।

# उपाधिका लागि दिनेश र जयराम भिड्ने

हिमालय टाइम्स
काठमाडौं, १३ पुस




डिफेन्डिङ च्याम्पियन दिनेश प्रजापति र चौथो वरियताका जयराम श्रेष्ठ सूर्य नेपाल गल्फ टुर-२०२३-२४ अन्तर्गत सिजनको दोस्रो प्रतियोगिता सूर्य नेपाल एनपीजीए म्याच प्लेको उपाधिका लागि भिड्ने हुनुभएको छ । रोयल नेपाल गल्फ क्लबमा भएको सेमिफाइनल खेलमा तेस्रो वरियताका दिनेशले १६औं होलमा जित आफ्नो पक्षमा पार्नुभयो । उहाँले सातौं वरियताका रामे मगरलाई ३/२ ले हराउँदै लगातार दोस्रोपटक यो प्रतियोगिताको फाइनलमा स्थान बनाउनुभयो । उहाँले नौ होलको समाप्तीमा दुई होलको अग्रता बनाइसक्नुभएको छ । उपाधि रक्षा गर्न दिनेश अबमात्र एक जित टाढा छन् ।

अर्को सेमिफाइनल खेलमा चौथो वरियताका जयराम श्रेष्ठले नवौं वरियताका भुवनकुमार रोक्कालाई अत्यन्त प्रतिस्पर्धामक खेलमा अन्तिम होलमा हराउनुभयो । नवौं होलको समाप्तीमा जयरामले एक होलको अग्रता बनाउनुभएको थियो । भुवनले पुनरागमन गर्दै १५ होलको समाप्तिमा एक होलको अग्रता बनाउनुभएको थियो । तर १६औं र १७औं होल आफ्नो पक्षमा पारेका जयरामले फाइनलमा स्थान सुरक्षित गर्नुभयो ।

त्यसअघि भएको क्वार्टरफाइनलमा नवौं वरियताका भुवनकुमार रोक्काले अप्रत्याशित नतिजा निकाल्नुभयो । उहाँले पहिलो वरियताका दाबेदार भुवन नगरकोटीलाई ४/३ ले हराउनुभयो । जयरामले क्वार्टरफाइनलमा पाँचौं वरियताका सञ्जय लामालाई २/१ ले हराउनुभएको थियो ।

अर्को क्वार्टरफाइनलमा दिनेश प्रजापतिले छैटौं वरियताका रवि खड्कालाई अन्तिम होलमा हराउँदै संघर्षपूर्ण जित निकाल्दै सेमिफाइनलमा स्थान बनाउनुभएको थियो । यस्तै रामे मगरले क्वार्टरफाइनलमा १५औं वरियताका प्रदीपकुमार लामालाई २/१ ले माथ दिनुभयो । प्रदीपले पहिलो चरणमा दोस्रो वरियताका नीरज तामाङलाई हराउनुभएको थियो । दिनेश र जयरामबीचको फाइनल खेल ३६ होलको हुनेछ । तेस्रो स्थानका लागि भुवन र रामेबीच १८ होलको प्रतिस्पर्धा हुनेछ । कुल दुई लाख ५० हजार नगद पुरस्कार राशीको प्रतियोगिताको विजेताले ६० हजार प्राप्त गर्दा दोस्रो हुने खेलाडीले ४२ हजार तथा तेस्रो र चौथो हुने खेलाडीहरूले क्रमश: ३२ हजार र २४ हजार प्राप्त गर्नेछन् ।

# उपाधिका लागि आज धनगढी एफसी र ललितपुर सिटी एफसी भिड्दै

हिमालय टाइम्स
काठमाडौं, १३ पुस




नेपाल सुपर लिगको उपाधिका लागि आज (शनिबार) धनगढी एफसी र ललितपुर सिटी एफसी भिड्दैछन् । दशरथ रंगशालामा साँझ साढे ५ बजे सुरु हुने खेलमा बलियो प्रतिस्पर्धा हुने अपेक्षा गरिएको छ । धनगढी एफसी लिग चरणमा दोस्रो हुँदै पहिलो क्वालिफायरमा पुगेको थियो । पहिलो क्वालिफायरमा उसले पोखरा थन्डर्स एफसीमाथि पेनाल्टीमा सनसनीपूर्ण जित हात पार्दै फाइनलमा स्थान बनाएको हो । ललितपुर एफसीले इलिमिनेटरमा काठमाडौं रेजर्स एफसीलाई पराजित गर्दै दोस्रो क्वालिफायरमा स्थान बनाएको थियो । दोस्रो क्वालिफायरमा उसले पनि पोखरा थन्डर्सलाई हराउँदै फाइनलमा स्थान बनाएको हो । लिगचरणमा भने ललितपुर चौथो बन्दै इलिमिनेटरमा पुगेको थियो ।

धनगढीका प्रशिक्षक युगल किशोर राईले आफ्नो टोली शारीरिक र मानिसक दुवै रूपमा तयार रहको तथा दुवै टोली उत्तिकै बलिया भएकाले प्रतिस्पर्धात्मक खेल हुने प्रतिक्रिया दिनुभयो । 'फाइनल एकदमै टफ हुनेवाला छ । हामी शारिरिकमात्रै नभएर मानसिक रूपमा पनि तयार छौं । व्यक्तिगत रूपमा पनि खेलाडीले शतप्रतिशत दिनुपर्छ,' उहाँले भन्नुभयो, 'हामीले फाइनल अघि चार दिनको आराम समय पाएका थियौं । सोच्ने मौका पनि पाएका छौं । हामी फाइनलका लागि पूर्णरूपमा तयार छौं ।'

उहाँले गत सिजनमा पनि फाइनलमा पुगेको तर केही गल्तीका कारण उपाधि उचाल्नबाट चुकेको बताउँदै यसपटक त्यसबेलाका गल्तीहरूबाट सिक्दै अगाडि बढ्ने प्रतिक्रिया दिनुभयो । अवे टिम भए पनि स्टेडियममा ठूलो संख्यामा दर्शक आई हौसला बढाइदिएकोमा उहाँले धन्यवाद ज्ञापन गर्नुभयो ।

यस्तै धनगढीका कप्तान देवेन्द्र तामागले यसपटक टोलीको लय एकदमै उत्कृष्ट देखिएकाले जितका लागि मैदान उत्रिने प्रतिक्रिया दिनुभयो । 'यो सिजन जित्ने आशाका साथ खेलेका छौं । सजिलो हुनेछैन । प्रतिस्पर्धात्मक हुनेछ । प्रशिक्षकले सिकाएका कुरा फलो गरिरहेका छौं । जितका लागि खेल्नेछौं,' उहाँले भन्नुभयो । ललितपुरका प्रशिक्षक इयान एन्ड्र्यु गिलानले आफूहरूले लगातार खेल खेलेकाले केही समस्या हुने भए पनि फाइनलमा आफ्नो शतप्रतिशत दिने बताउँनुभयो । उहाँले आफूहरू उपाधिका लागि खेल्ने बताउँदै खेल प्रतिस्पर्धात्मक हुने बताउँनुभयो ।

कार्यक्रममा आयोजकले उपाधि विजेतालाई प्रदान गरिने ट्रफीसमेत सार्वजनिक गरेको थियो । भारतीय राष्ट्रिय फुटबल टोलीका पूर्वकप्तान भाइचुङ भुटिया, नेपाली राष्ट्रिय फुटबल टोलीका कप्तान किरण चेन्जोग, कलाकार दयाहग राईलगायतले ट्रफी अनावरण गर्नुभएको थियो । प्रतियोगिताको फाइनल भारतीय रेफ्रीले खेलाउने हुनुभएको छ । अखिल नेपाल फुटबल संघको रेफ्री संघ र रेफ्री कमिटीले फाइनल खेलका लागि भारतीय रेफ्रीको नाम सिफारिस गरेका हुन् ।

दोस्रो संस्करणको लिग खेलाउन दुई भारतीय रेफ्री नेपाल आएका छन् । जसमा राम दसन र सुरोजित दास छन् । फाइनल खेलाउने सहायक रेफ्रीमा दुवै नेपाली रहनुभएको छ । पहिलोमा नानीराम थापामगर र दोस्रोमा माधव खत्री रहनुभएको छ ।

उत्तरगया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लहरेपौवा, रसुवा
वागमती प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मिति : २०८०/०९/१४

उत्तरगया गाउँपालिकाको यस चालु आ.व.को स्वीकृत वार्षिक कार्यक्रम अन्तरगत वडा नं. ४ मा सञ्चालन हुने सडक स्तरोन्नती कार्यका लागि मिति २०८०/०७/२२ मा राष्ट्रियस्तरको पत्रिकामा विद्युतीय बोलपत्र आह्वानको सूचना प्रकाशन भएकोमा यस कार्यालयमा रितपुर्वक पेश भएका विद्युतीय बोलपत्रबाट तपशिलको बोलपत्र न्युनतम मूल्यांकित एवं सारभुत रुपमा प्रभावग्राही देखिएर स्वीकृतीका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को (२) र दफा ४७ को प्रयोजनका निम्ति सम्बन्धित सबैको जानकारीका लागि यो आशयको सूचना प्रकाशन गरिएको छ।

तपशिल

| सि. न. | ठेक्का नम्बर | योजनाको नाम | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक भ्याट सहित |
|---|---|---|---|---|
| 1. | URM/NCB/ WORKS/ 03/2080/081 | Upgrading of Pairebesi Kuwapani Bhalayadanda Manigaun Road, Uttargaya-4 | Gongbo Brothers Nirman Sewa And Suppliers Pvt. Ltd, Kispang -5, Nuwakot | NPR 69,84,165.93 |

प्रमुख प्रशासकीय अधिकृत

तारकेश्वर नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
धर्मस्थली, काठमाडौं

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति : २०८०।०९।१४ गते

यस कार्यालयबाट मिति २०८०/०७/२४ गते प्रकाशित सार्वजनिक सूचना अनुसार दर्ता भएका बोलपत्रहरु मूल्यांकन हुंदा निम्न बमोजिमका बोलपत्रदाताको बोलपत्र न्यूनतम् मूल्यांकित र सारभूत रुपमा प्रभावग्राही पाईएकोले तपसिल बमोजिम ठेक्काको बोलपत्र स्वीकृतीका लागि छनौट भएकोले सार्वजनिक खरीद ऐन २०६३ को दफा २७ को उपदफा (२) र सोही ऐनको दफा ४७ को प्रयोजनको लागि सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | ठेक्का नं. र योजनको विवरण | स्वीकृत हुने बोलपत्रदाताको नाम | कबोल अंक (भ्याट समेत) |
|---|---|---|---|
| १ | Jitpurfedi Dekhi Pachmane Jane Sadak starunati - TARA/26/NCB/ 080-81 | Shanti Sameer Construction & Suppliers Pvt.Ltd. | १६,१८,३८५।९३/- ( सोह्र लाख अठाह्र हजार तीन सय पचासी रुपैंया, पैसा त्रियान्नब्बे मात्र।) |
| २ | Tinpiple Jitpur Ramghat Sadak TARA/27/NCB/ 080-81 | Kapileshwor Nirman Sewa | १४,१५,४७१।६०/- ( चौध लाख पन्ध्र हजार चार सय एकहत्तर रुपैंया, पैसा साठी मात्र ।) |
| ३ | Pragati Tol baato Starunnati TARA/28/ NCB/ 080-81 | Wakchapakha Construction and Suppliers | १६,१६,४९२।५२/- ( सोह्र लाख सोह्र हजार चार सय बयान्नब्बे रुपैंया, पैसा बाउन्न मात्र।) |
| ४ | Rastriya Nyayik Prastisthan Shanti Tole Samma bato Staronnati Ward 9 - TARA/29/NCB/ 080-81 | Wakchapakha Construction and Suppliers | २४,०८,६८७।३९/- ( चौबीस लाख आठ हजार छ सय सतासी रुपैंया, पैसा उनन्चालीस मात्र।) |
| ५ | Katheri Khainepani aayojana Ta. Na. Pa. 1 - TARA/30/NCB/ 080-81 | Papipet Nirman Sewa | १७,९४,०९७।८३/- ( सत्र लाख चौरान्नब्बे हजार सन्तान्नब्बे रुपैंया, पैसा त्रीयासी मात्र।) |

प्रमुख प्रशासकीय अधिकृत

प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
शहरी विकास तथा भवन कार्यालय
वागमती प्रदेश, काठमाडौं

प्रस्ताव स्वकृतिको आशय पत्र

प्रकाशित मिति : २०८०/०९/१४

मिति २०८०/०६/२३ गते www.bolpatra.gov.np/egp मा प्रकाशित सूचना बमोजिम बोलपत्र आव्हान गरिएकोमा अन्तिम म्याद भित्र पर्न आएका बोलपत्रहरु मध्ये देहाय बमोजिमको न्यूनतम मूल्यांकन सारभूत रुपमा प्रभावग्राही बोलपत्र स्वीकृतिको लागि सिफारिस भई छनौट भएकोले उक्त बोलपत्र सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ को प्रयोजनार्थ सोही ऐनको दफा २७ (२) अनुसार बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि प्रकाशित गरिएको छ ।

तपसिल

| Contract Identification No | Description of Works | Name and Address of Lowest Evaluated Substantially Responsive Bidder | Bid Amount Nrs (Including VAT and PS) |
|---|---|---|---|
| UDBO/KTM/ WORKS/NCB / 01-080/81 | Construction of upgradation Road and drainage works Jorpati yoralo telikam jammu dada to Bagamati corridor road at Gokarneshwor-5, Kathmandu | Nawa Durga Builders, Jorpati, Kathmandu | 2733802.04 |
| UDBO/KTM/ WORKS/NCB / 02-080/81 | Road upgradation (Blacktop) in Aadars nagar marg behand jana-maitri and bhatbhateni road at kathmandu-16, kathmandu | Janak Nirman Sewa, Arghakhanchi, Nepal | 1973173.29 |
| UDBO/KTM/ WORKS/NCB / 03-080/81 | Block pavement work of Shiv shankar galli Raymajhi tol at Kathmandu-16, kathmandu | Build Dove Builders Pvt.Ltd, Kathmandu | 1571747.67 |
| UDBO/KTM/ WORKS/NCB / 04-080/81 | Construction and upgradation of Deurali nimare chihandada patap road at Shankarapur-2, kathmandu | Sunil Builders, Boudha-6, Kathmandu | 3625983.87 |
| UDBO/KTM/ WORKS/NCB / 05-080/81 | Construction of road behind of Indrayani temple from Sanagaau indrayani mandir sankshan(kh) road at Sankharapur-9 kathmandu | Sunil Builders, Boudha-6, Kathmandu | 3432299.38 |
| UDBO/KTM/ WORKS/NCB/ 06-080/81 | Construction of RCC drain and upgradation of road from Kabhresthali kalidevi school to Bihanichowk sangla road at Tarkeshwor-2, kathmandu | Three D.Iconstruction, Lalitpur | 2186698.33 |
| UDBO/KTM/ WORKS/NCB/ 07-080/81 | Construction of upgradation of road from Tarkeshwor n.pa pasal to phutana nagpokhari road at Tarkeshwor-7, kathmandu | Kamana Construction And Multiple Enterprises, Tarkeshor-7, Kathmandu | 3506801.22 |
| UDBO/KTM/ WORKS/NCB / 08-080/81 | Construction of Blacktop road from Saibaba chowk to hattigauda jane pul road at Tokha-3, kathmandu | Janak Nirman Sewa, Arghakhanchi | 4255506.56 |
| UDBO/KTM/ WORKS/NCB / 10-080/81 | Construction of road from Dhaneshwor mahadev mandir majuhiti to dakshin basti road at Tokha-7, kathmandu | Kamana Construction And Multiple Enterprises, Tarkeshor-7, Kathmandu. | 3598439.84 |
| UDBO/KTM/ WORKS/NCB / 11-080/81 | Construction of upgradation of Muktinath chautari pokhari marg road at Kageshworimanohara-7, kathmandu | Nawa Durga Builders, Jorpati | 1762322.65 |
| UDBO/KTM/ WORKS/NCB / 12-080/81 | Construction of upgradation of Bhagawati marg tol road at Kageshworimanohara-9, kathmandu | Sunil Builders, Boudha-6, Kathmandu | 2481005.77 |
| UDBO/KTM/ WORKS/NCB / 13-080/81 | Construction of Blacktop road from Shreesti colony to Bhairaw khanepani upbhogata samiti office road at Nagarjun-4, kathmandu | Bijan And Bibek construction, Kirtipur - 10 | 4201739.75 |
| UDBO/KTM/ WORKS/NCB / 15-080/81 | Construction of Kathmandu District Ch. Na. Pa. Ward No 10 Bosi Gaun Khuskhi Chowk Bato Dhalan | Nikash Construction Consultancy And Suppliers, Kathmandu | 3319718.31 |
| UDBO/KTM/ WORKS/NCB / 16-080/81 | Construction of Ettagol Dekhi Jiwantnagar Chowk Hunde Army Ploting Sammako Dhal Nirman Kritipur -05, Kathmandu | Mansoon Nirman Sewa, Manthali-4, Ramechhap | 1955001.5 |
| UDBO/KTM/ WORKS/NCB / 18-080/81 | Construction of Blacktop road with sewer line in Sheraphant marg, LMC-25 | N.G.S. Construction Engineering And Suppliers Pvt. Ltd, Maitedevi-30, kathmandu | 2307130.67 |
| UDBO/KTM/ WORKS/NCB / 19-080/81 | Road Upgradation at Fulbari Marg Nagdole, LMC-4, Lalitpur | Build Dove Builders Pvt.Ltd, Kathmandu | 2331337.39 |
| UDBO/KTM/ WORKS/NCB / 20-080/81 | Construction of Gaurabeshwor Park at LMC-24, Lalitpur | Kamana Construction And Multiple Enterprises, Tarkeshor-7, Kathmandu | 3219174.85 |
| UDBO/KTM/ WORKS/NCB / 21-080/81 | Road Upgradation of Sheraphant Marg (From House of Vinay Khadka and Geetha Rajak Rai uphill road in south to Samina Basi Rai and Naresh Kumar Ghimire's house), LMC Ward no.25 | Build Dove Builders Pvt.Ltd, Kathmandu | 1763276.61 |

कार्यालय प्रमुख

CMYK